# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, जेठ २७ गते २०५९ साल (संख्या ९

## भाग ३

### श्री ५ को सरकार
### वन तथा भू-संरक्षण मन्त्रालयको

#### सूचना १

श्री ५ को सरकारले शाही चितवन राष्ट्रिय निकुञ्ज नियमावली, २०३० को नियम २४ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची-१ को खण्ड (झ) झिकी हेरफेर गरेको छ ।

#### सूचना २

श्री ५ को सरकारले वन्यजन्तु आरक्ष नियमावली, २०३४ को नियम २३क ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची-१ को खण्ड (छ) झिकी हेरफेर गरेको छ ।

#### सूचना ३

श्री ५ को सरकारले हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६ को नियम ३३ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची-२ को खण्ड (ग) झिकी हेरफेर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

श्री ५ को सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३७ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची-१ को क्र.सं. ११ झिकी हेरफेर गरेको छ ।

## सूचना ५

श्री ५ को सरकारले शाही बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३ को नियम ३० ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची-१ को खण्ड (झ) झिकी हेरफेर गरेको छ ।

## सूचना ६

श्री ५ को सरकारले संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ को नियम ४१ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची-१ को खण्ड (घ) झिकी हेरफेर गरेको छ ।

## सूचना ७

श्री ५ को सरकारले संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली., २०५७ को नियम ५४ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची-८ को देहाय १ झिकी हेरफेर गरे कोछ ।

आज्ञाले,
चण्डी प्रसाद श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी मूल्य अभिवृद्धि करमा दर्ता भएका पर्यटन व्यवसायीहरू (Travel Agency) ले संचालन गर्ने पर्यटकीय यातायातमा लाग्ने मूल्य अभिवृद्धि कर रकमको चालीस प्रतिशत छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी नेपाल टुहुरा कल्याण संघलाई BIL TOP International Co. Ltd. कोरियाबाट उपहार स्वरुप प्राप्त हुने अमेरिकी डलर ४,०००.०० मूल्य बराबरको २३६ बेल कपडा आयात गर्दा लाग्ने भंसार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी बीर अस्पताल विकास समितिले अस्पताल प्रयोजनको लागि आयात गर्ने रु. २,६१,३६,९१२।– मूल्य बराबरको चिकित्सा उपकरणहरु र स्पेयर पार्टसमा लाग्ने भंसार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

श्री ५ को सरकारले आर्थिक ऐन, २०५८ को दफा २० ले दिएको अधिकार प्रयोग गरी काठमाडौं महानगरपालिकाले जापानको Daihatu र ISUZU Company बाट जापानी येन ४०,००,०००.०० मूल्य बराबरको Garbage Compactor सामानहरू आयात गर्दा लाग्ने भंसार महसुल १ प्रतिशत लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४९

# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्री ५ को सरकारको मिति २०५९ साल वैशाख १९ को निर्णयानुसार नेपाल न्याय सेवाका राजपत्राङ्कित बिशिष्ट श्रेणीका नायब महान्यायाधिवक्ता श्री नरेन्द्रकुमार श्रेष्ठलाई सामान्य प्रशासन मन्त्रालयको रिक्त सचिव पदमा सरुवा गरिएको छ।

आज्ञाले,
शशिकान्त मैनाली
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार